# गैडहवा गाउँपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड १०) रुपन्देही, असौज महिना ६ गते, २०८३ साल (संख्या ५)


## भाग २

## गैडहवा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## विष्णुपुरा, रुपन्देही, लुम्बिनी प्रदेश, नेपालको

## <u>सूचना</u>

गैडहवा गाउँपालिकाको गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको **"गैडहवा गाउँपालिकाको निजी तथा स्थानीय व्यापारिक फर्म/व्यवसाय दर्ता, अनुमति, नवीकरण तथा नियमन कार्यविधि,** २०८३

” स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

संवत् २०८३ कार्यविधि नं. ४

**“गैडहवा गाउँपालिकाको निजी तथा स्थानीय व्यापारिक फर्म/व्यवसाय दर्ता, अनुमति, नवीकरण तथा नियमन कार्यविधि, २०८३”**

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८३/०६/०६**

# गैडहवा गाउँपालिकाको निजी तथा स्थानीय व्यापारिक फर्म/व्यवसाय दर्ता, अनुमति, नवीकरण तथा नियमन कार्यविधि, २०८३

## प्रस्तावना

” गैडहवा गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने स्थानीयस्तरका व्यापारिक तथा व्यावसायिक फर्म, पसल, व्यवसाय तथा सेवा प्रदायकलाई कानूनी दायरामा ल्याई व्यवस्थित, पारदर्शी, प्रतिस्पर्धात्मक, उपभोक्तामैत्री तथा वातावरणमैत्री व्यवसायिक वातावरण सिर्जना गर्ने उद्देश्यले स्थानीय

सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित संघीय एवं प्रदेश कानूनको अधीनमा रही यो कार्यविधि बनाइएको छ।

स्थानीय व्यापार तथा वाणिज्यको विकास, व्यवसाय दर्ता तथा अभिलेखीकरण, कर तथा राजस्व सङ्कलन, व्यवसायको अनुगमन, उपभोक्ता हित संरक्षण तथा स्थानीय आर्थिक गतिविधिको प्रवर्द्धनलाई व्यवस्थित गर्न यो कार्यविधि लागू हुनेछ।

# परिच्छेद–१

## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

(१) यस कार्यविधिको नाम **"गैडहवा गाउँपालिकाको निजी तथा स्थानीय व्यापारिक फर्म/व्यवसाय दर्ता, अनुमति, नवीकरण तथा नियमन कार्यविधि, २०८३"** हुनेछ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

## २. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा–

(क) **"गाउँपालिका"** भन्नाले गैडहवा गाउँपालिकालाई सम्झनुपर्छ।

(ख) **"कार्यपालिका"** भन्नाले गैडहवा गाउँ कार्यपालिकालाई सम्झनुपर्छ।

(ग) **"फर्म"** भन्नाले एकल व्यक्ति वा कानूनबमोजिम स्थापना भएको व्यापारिक/व्यावसायिक प्रतिष्ठानलाई सम्झनुपर्छ।

(घ) **"निजी फर्म"** भन्नाले प्रचलित कानूनबमोजिम एक वा सोभन्दा बढी उद्देश्यका लागि सञ्चालन हुने व्यक्तिगत व्यवसायिक प्रतिष्ठानलाई सम्झनुपर्छ।

(ङ) **"व्यवसाय"** भन्नाले वस्तु वा सेवाको खरिद, बिक्री, उत्पादन, वितरण वा सेवा प्रदान गर्ने कार्यलाई सम्झनुपर्छ।

(च) **"दर्ता"** भन्नाले यस कार्यविधिबमोजिम गाउँपालिकाको अभिलेखमा व्यवसाय कायम गर्ने कार्यलाई सम्झनुपर्छ।

(छ) **"नवीकरण"** भन्नाले दर्ता भइसकेको व्यवसायलाई तोकिएको अवधिपछि पुनः कायम गर्ने कार्यलाई सम्झनुपर्छ।

(ज) **"व्यवसायी"** भन्नाले व्यवसाय सञ्चालन गर्ने व्यक्ति, फर्म वा संस्थालाई सम्झनुपर्छ।

(झ) **"प्रचलित कानून"** भन्नाले नेपालको संविधान, संघीय कानून, प्रदेश कानून, स्थानीय कानून तथा कानूनबमोजिम जारी भएका नियम, निर्देशिका, मापदण्ड तथा आदेशलाई सम्झनुपर्छ।

# परिच्छेद–२

## व्यवसाय दर्तासम्बन्धी व्यवस्था

### ३. व्यवसाय दर्ता गर्नुपर्ने

(१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने प्रचलित कानून बमोजिम स्थानीय तहबाट दर्ता गर्न मिल्ने व्यापार, व्यवसाय तथा सेवा व्यवसायको पूँजीगत लगानी वा आर्थिक कारोबारको आधारमा व्यवसाय दर्ता तथा व्यवसाय कर निर्धारण गरिनेछ। अन्य प्रचलित कानूनबमोजिम संघ, प्रदेश वा अन्य निकायबाट अनुमति, इजाजत वा दर्ता लिनुपर्ने व्यवसायलाई त्यस्तो निकायबाट आवश्यक अनुमतिइजाजत प्राप्त गरेपछि मात्र गाउँपालिकामा / व्यवसाय दर्ता गरिनेछ।

(२) अन्य सरकारी निकायमा दर्ता हुनुपर्ने व्यवसायले त्यस्तो निकायबाट आवश्यक दर्ता तथा अनुमति प्राप्त गरेपछि गाउँपालिकामा समेत व्यवसाय दर्ता गर्नुपर्नेछ।

(३) संघीय वा प्रदेश कानूनबमोजिम छुट्टै अनुमति वा इजाजत आवश्यक पर्ने व्यवसायलाई गाउँपालिकामा दर्ता भएको मात्र आधारमा सञ्चालनको अनुमति प्राप्त भएको मानिने छैन।

## ४. दर्ता नगरी व्यवसाय सञ्चालन गर्न नहुने

गाउँपालिकाको अधिकारक्षेत्रभित्र पर्ने व्यवसाय तोकिएको प्रक्रिया पूरा गरी दर्ता नगरी सञ्चालन गर्न पाइने छैन।

## ५. व्यवसाय दर्ताको निवेदन

व्यवसाय दर्ता गर्न चाहने व्यक्तिले अनुसूची–१ बमोजिमको निवेदन गाउँपालिकाको राजस्व/व्यवसाय दर्ता शाखामा पेश गर्नुपर्नेछ।

## ६. दर्ताका लागि आवश्यक कागजात

निवेदकले सामान्यतया देहायका कागजात पेश गर्नुपर्नेछ–

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) पासपोर्ट साइजको फोटो,

(ग) व्यवसाय सञ्चालन हुने स्थानको प्रमाण,

(घ) जग्गाधनी प्रमाणपत्र वा घरधनीसँगको सम्झौता/बहाल सम्झौता,

(ङ) वडा कार्यालयको सिफारिस,

(च) अन्य सरकारी निकायबाट दर्ता गर्नुपर्ने भए सोको प्रमाणपत्र,

(छ) PAN प्रमाणपत्र,

(ज) व्यवसायको प्रकृति अनुसार आवश्यक इजाजत/अनुमति,

(झ) कम्पनी भए कम्पनी दर्ता प्रमाणपत्र तथा सम्बन्धित कागजात,

(ञ) फर्म भए प्रचलित कानूनबमोजिमको फर्म दर्ता प्रमाणपत्र,

(ट) गाउँपालिकाले आवश्यक ठानेका अन्य कागजात।

## ७. दर्ता प्रक्रिया

(१) निवेदन प्राप्त भएपछि सम्बन्धित कर्मचारीले आवश्यक कागजात जाँच गर्नेछ।

(२) कागजात पूरा भएमा निर्धारित शुल्क असुल गरी व्यवसाय दर्ता गरिनेछ।

(३) आवश्यक देखिएमा गाउँपालिकाले व्यवसाय सञ्चालन हुने स्थानको स्थलगत निरीक्षण गर्न सक्नेछ।

(४) व्यवसाय दर्ता भएपछि अनुसूची–२ बमोजिमको व्यवसाय दर्ता प्रमाणपत्र उपलब्ध गराइनेछ।

---

# परिच्छेद–३

## व्यवसायको वर्गीकरण

### ८. व्यवसायको वर्गीकरण

गाउँपालिकाले व्यवसायलाई कारोबार, प्रकृति, लगानी तथा सम्भावित प्रभावका आधारमा देहायबमोजिम वर्गीकरण गर्न सक्नेछ–

| | | |
|---|---|---|
| **क वर्ग** | ठूलो व्यवसाय | **रु. १करोडभन्दा माथि** |
| **ख वर्ग** | मध्यम व्यवसाय | **रु. ५० लाखभन्दा माथि–१ करोडसम्म** |
| **ग वर्ग** | सानो व्यवसाय | **रु. १० लाखभन्दा माथि–५० लाखसम्म** |
| **घ वर्ग** | घरेलु/लघु व्यवसाय | **रु. १० ला** |

| | | |
|---|---|---|
| **ङ वर्ग** | सेवा व्यवसाय | **रु. १० लाखसम्म/पूँजीअनुसार** |
| **च वर्ग** | विशेष अनुमति आवश्यक व्यवसाय | **पूँजीका आधारमा होइन, सम्बन्धित कानूनमा तोकिएको अनुमति/इजाजतका आधा** |

## ९. विशेष प्रकृतिका व्यवसाय

देहायका व्यवसाय सञ्चालन गर्दा प्रचलित कानूनबमोजिम सम्बन्धित निकायबाट थप अनुमति/इजाजत लिनुपर्नेछ–

(क) होटल तथा रेष्टुरेन्ट,

(ख) औषधि पसल,

(ग) स्वास्थ्य संस्था,

(घ) विद्यालय तथा शैक्षिक संस्था,

(ङ) निर्माण व्यवसाय,

(च) पेट्रोलियम पदार्थसम्बन्धी व्यवसाय,

(छ) उद्योग,

(ज) क्रसर तथा खानीजन्य व्यवसाय,

(झ) माछा तथा पशुपालनसम्बन्धी व्यवसाय,

(ञ) खाद्य उद्योग तथा खाद्य व्यवसाय,

(ट) पर्यटन व्यवसाय,

(ठ) अन्य कानूनले विशेष अनुमति माग गरेका व्यवसाय।

---

# परिच्छेद–४

**दर्ता प्रमाणपत्र**

## १०. व्यवसाय दर्ता प्रमाणपत्र

व्यवसाय दर्ता भएपछि गाउँपालिकाले अनुसूची–४ बमोजिमको प्रमाणपत्र जारी गर्नेछ।

प्रमाणपत्रमा कम्तीमा–

(क) व्यवसायको नाम,

(ख) व्यवसायीको नाम,

(ग) व्यवसायको ठेगाना,

(घ) व्यवसायको प्रकृति,

(ङ) व्यवसाय दर्ता नम्बर,

(च) PAN नम्बर,

(छ) दर्ता मिति,

(ज) पूँजी/कारोबारको विवरण,

(झ) नवीकरणको अवधि

खुलाउन सकिनेछ।

## ११. प्रमाणपत्र देखिने स्थानमा राख्नुपर्ने

व्यवसायीले व्यवसाय दर्ता प्रमाणपत्र ग्राहक तथा अनुगमन गर्ने अधिकारीले देख्न सक्ने स्थानमा राख्नुपर्नेछ।

---

# परिच्छेद–५

**नवीकरण**

## १२. व्यवसाय नवीकरण गर्नुपर्ने

(१) प्रत्येक व्यवसायीले गाउँपालिकाले तोकेको आर्थिक वर्ष वा अवधिभित्र व्यवसाय नवीकरण गर्नुपर्नेछ।

(२) नवीकरण गर्दा प्रचलित आर्थिक ऐनबमोजिम तोकिएको शुल्क तथा लाग्ने अन्य रकम बुझाउनुपर्नेछ।

## १३. ढिला नवीकरण

तोकिएको अवधिमा नवीकरण नगरेमा गाउँपालिकाको आर्थिक ऐन तथा प्रचलित कानूनबमोजिम थप शुल्क/जरिवाना असुल गर्न सकिनेछ।

## १४. लामो समय नवीकरण नगरेको व्यवसाय

व्यवसायीले लामो समयसम्म व्यवसाय नवीकरण नगरेमा गाउँपालिकाले व्यवसाय बन्द भएको वा सञ्चालनमा नरहेको सम्बन्धमा आवश्यक जाँचबुझ गर्न सक्नेछ।

---

# परिच्छेद–६

## व्यवसायको नाम, ठेगाना तथा प्रकृति परिवर्तन

## १५. व्यवसायको नाम परिवर्तन

दर्ता भएको व्यवसायको नाम परिवर्तन गर्न चाहेमा व्यवसायीले कारणसहित निवेदन दिई प्रचलित कानून तथा गाउँपालिकाको स्वीकृति प्रक्रिया पूरा गर्नुपर्नेछ।

## १६. व्यवसायको ठेगाना परिवर्तन

व्यवसाय अर्को स्थानमा सार्न चाहेमा पूर्वस्वीकृति वा आवश्यक जानकारी गाउँपालिकालाई गराई नयाँ स्थानको प्रचलित मापदण्ड पूरा भएको हुनुपर्नेछ।

## १७. व्यवसायको प्रकृति परिवर्तन

दर्ता भएको व्यवसायको प्रकृति वा मुख्य कारोबार परिवर्तन गर्नुपरेमा गाउँपालिकामा निवेदन दिई आवश्यक संशोधन गराउनुपर्नेछ।

विशेष अनुमति आवश्यक पर्ने व्यवसायमा सम्बन्धित निकायको अनुमति प्राप्त नगरी कारोबार परिवर्तन गर्न पाइने छैन।

---

# परिच्छेद–७

## व्यवसाय सञ्चालन सम्बन्धी मापदण्ड

## १८. व्यवसायीको दायित्व

व्यवसायीले–

(क) प्रचलित कानूनको पालना गर्ने,

(ख) उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्रदान गर्ने,

(ग) तोकिएको मूल्यभन्दा बढी मूल्य नलिने,

(घ) नक्कली वा म्याद गुज्रेको सामान बिक्री नगर्ने,

(ङ) वातावरण प्रदूषण नगर्ने,

(च) सार्वजनिक बाटो वा सार्वजनिक स्थान अवरोध नगर्ने,

(छ) व्यवसाय दर्ता प्रमाणपत्र अद्यावधिक राख्ने,

(ज) कर तथा शुल्क समयमै बुझाउने,

(झ) अनुगमनमा सहयोग गर्ने,

(ञ) गाउँपालिकालाई सही विवरण उपलब्ध गराउने।

## १९. व्यवसाय स्थल

व्यवसाय सञ्चालन हुने स्थान प्रचलित भवन, वातावरण, स्वास्थ्य, सुरक्षा तथा भूमि उपयोगसम्बन्धी मापदण्ड अनुकूल हुनुपर्नेछ।

## २०. सार्वजनिक हितमा असर पार्ने व्यवसाय

धुलो, ध्वनि, दुर्गन्ध, फोहर, प्रदूषण, आगलागी वा अन्य जोखिम सिर्जना गर्ने व्यवसायले आवश्यक नियन्त्रण तथा सुरक्षा उपाय अपनाउनुपर्नेछ।

---

# परिच्छेद–८

**अनुगमन तथा नियमन**

## २१. अनुगमन गर्ने अधिकार

गाउँपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका व्यवसायको दर्ता, नवीकरण, सञ्चालन, गुणस्तर, मूल्य, सरसफाइ, उपभोक्ता हित तथा कानून पालना सम्बन्धमा नियमित वा आकस्मिक अनुगमन गर्न सक्नेछ।

## २२. अनुगमन टोली

गाउँपालिकाले आवश्यकता अनुसार देहायका कर्मचारी/पदाधिकारी सम्मिलित अनुगमन टोली गठन गर्न सक्नेछ–

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत – संयोजक

(ख) राजस्व/व्यवसाय शाखा प्रतिनिधि – सदस्य

(ग) सम्बन्धित वडा प्रतिनिधि – सदस्य

(घ) स्वास्थ्य/प्राविधिक शाखा प्रतिनिधि – सदस्य

(ङ) आवश्यकता अनुसार अन्य सम्बन्धित निकायको प्रतिनिधि।

**२३. अनुगमनको क्रममा देखिएका त्रुटि**

अनुगमन गर्दा सामान्य प्रकृतिको त्रुटि देखिएमा सुधार गर्न समय दिइनेछ।

गम्भीर प्रकृतिको उल्लङ्घन भएमा प्रचलित कानूनबमोजिम तत्काल आवश्यक कारबाही गर्न सकिनेछ।

---

# परिच्छेद–९

**कर, शुल्क तथा राजस्व**

## २४. व्यवसाय कर तथा शुल्क

व्यवसायीले गाउँपालिकाको प्रचलित आर्थिक ऐनमा तोकिएको व्यवसाय कर, दर्ता शुल्क, नवीकरण शुल्क तथा अन्य दस्तुर बुझाउनुपर्नेछ।

## २५. शुल्क निर्धारण

यस कार्यविधिले शुल्कको दर तोक्ने छैन। प्रत्येक आर्थिक वर्ष गाउँसभाबाट स्वीकृत **आर्थिक ऐन** बमोजिम दर्ता, नवीकरण, संशोधन तथा अन्य शुल्क असुल गरिनेछ।

## २६. राजस्व अभिलेख

गाउँपालिकाले प्रत्येक व्यवसायको दर्ता, नवीकरण, कर तथा शुल्क भुक्तानीको अभिलेख राख्नेछ।

---

# परिच्छेद–१०

**व्यवसाय बन्द तथा दर्ता खारेजी**

## २७. व्यवसाय बन्द भएको जानकारी

व्यवसायीले व्यवसाय स्थायी रूपमा बन्द गरेमा गाउँपालिकालाई लिखित जानकारी गराई व्यवसाय बन्द/दर्ता खारेजीको प्रक्रिया पूरा गर्नुपर्नेछ।

## २८. दर्ता खारेज गर्न सकिने

देहायको अवस्थामा प्रचलित कानून तथा न्यायोचित प्रक्रिया पूरा गरी व्यवसाय दर्ता खारेज गर्न सकिनेछ–

(क) व्यवसायीले स्वेच्छाले बन्द गर्न निवेदन दिएको,

(ख) झुटो विवरण पेश गरी दर्ता गरेको प्रमाणित भएमा,

(ग) लामो समयसम्म व्यवसाय सञ्चालन नगरेको,

(घ) बारम्बार कानून उल्लङ्घन गरेको,

(ङ) सार्वजनिक स्वास्थ्य वा सुरक्षामा गम्भीर असर पारेको,

(च) विशेष अनुमति आवश्यक पर्ने व्यवसायले अनुमति गुमाएको,

(छ) प्रचलित कानूनबमोजिम अन्य अवस्था सिर्जना भएको।

## २९. सफाइको मौका

दर्ता खारेजी वा गम्भीर कारबाही गर्नुअघि, कानूनले अन्यथा व्यवस्था नगरेसम्म, सम्बन्धित व्यवसायीलाई आफ्नो सफाइ पेश गर्ने उचित अवसर दिइनेछ।

# परिच्छेद–११

## दण्ड तथा जरिवाना

### ३०. दर्ता नगरी व्यवसाय सञ्चालन

गाउँपालिकाको अधिकारक्षेत्र भित्र पर्ने व्यवसाय दर्ता नगरी सञ्चालन गरेको पाइएमा प्रचलित कानून तथा आर्थिक ऐन बमोजिम जरिवाना असुल गरी व्यवसाय दर्ता गर्न निर्देशन दिन सकिनेछ।

### ३१. गलत विवरण पेश गरेमा

व्यवसाय दर्ता वा नवीकरण गर्दा झुटो वा गलत विवरण पेश गरेको प्रमाणित भएमा प्रचलित कानूनबमोजिम कारबाही गरिनेछ।

### ३२. कानून विपरीत कारोबार

विशेष अनुमति आवश्यक पर्ने व्यवसायले आवश्यक अनुमति नलिई कारोबार गरेको पाइएमा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्र आवश्यक कारबाही गरी सम्बन्धित निकायमा समेत जानकारी गराउन सक्नेछ।

### ३३. दोहोरो कारबाही नहुने

एउटै कसुरमा प्रचलित संघीय वा प्रदेश कानूनबमोजिम कारबाही भइसकेको अवस्थामा सोही कसुरमा दोहोरो सजाय नहुने गरी कानूनबमोजिम समन्वय गरिनेछ।

---

# परिच्छेद–१२

**उपभोक्ता हित तथा बजार अनुगमन**

## ३४. उपभोक्ता हित संरक्षण

व्यवसायीले उपभोक्ताको अधिकार तथा प्रचलित उपभोक्ता संरक्षणसम्बन्धी कानूनको पालना गर्नुपर्नेछ।

## ३५. मूल्य तथा गुणस्तर

गाउँपालिकाले स्थानीय बजारमा वस्तु तथा सेवाको मूल्य, गुणस्तर, म्याद, नापतौल तथा बजार व्यवहारको कानूनबमोजिम अनुगमन गर्न सक्नेछ।

## ३६. म्याद गुज्रेका वस्तु

म्याद गुज्रेका, गुणस्तरहीन वा कानूनले बिक्री गर्न निषेध गरेका वस्तु बिक्री वितरण गर्न पाइने छैन।

# परिच्छेद–१३

**अभिलेख तथा सूचना प्रणाली**

## ३७. व्यवसायको डिजिटल अभिलेख

गाउँपालिकाले सम्भव भएसम्म प्रत्येक व्यवसायको डिजिटल अभिलेख तयार गरी अद्यावधिक गर्नेछ।

## ३८. व्यवसायको विवरण

अभिलेखमा कम्तीमा देहायका विवरण राखिनेछन्–

१. व्यवसायको नाम
२. व्यवसायीको नाम
३. ठेगाना
४. व्यवसायको प्रकृति
५. दर्ता नम्बर
६. PAN नम्बर
७. दर्ता मिति
८. नवीकरण विवरण
९. कर तथा शुल्क भुक्तानी विवरण

१०. अनुगमन विवरण
११. कारबाही विवरण
१२. बन्द/खारेजी विवरण।

---

## परिच्छेद–१४

**विविध**

### ३९. अन्य निकायसँग समन्वय

गाउँपालिकाले उद्योग, वाणिज्य, घरेलु तथा साना उद्योग, कर प्रशासन, जिल्ला प्रशासन, प्रहरी, स्वास्थ्य, खाद्य प्रविधि तथा अन्य सम्बन्धित सरकारी निकायसँग आवश्यक समन्वय गर्न सक्नेछ।

### ४०. अन्य कानून लागू हुने

यस कार्यविधिमा व्यवस्था नभएका विषयमा प्रचलित संघीय तथा प्रदेश कानून र गाउँपालिकाका अन्य कानून लागू हुनेछन्।

### ४१. बाझिएको अवस्थामा

यस कार्यविधिको कुनै व्यवस्था प्रचलित संघीय वा प्रदेश कानूनसँग बाझिएमा बाझिएको हदसम्म त्यस्तो व्यवस्था अमान्य हुनेछ र प्रचलित कानून लागू हुनेछ।

## ४२. कार्यविधि संशोधन

गाउँ कार्यपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा संशोधन गर्न सक्नेछ।

## ४३. बाधा अड्काउ फुकाउने

यस कार्यविधिको कार्यान्वयनमा कुनै व्यावहारिक कठिनाइ उत्पन्न भएमा प्रचलित कानूनको अधीनमा रही गाउँ कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ।

---

# अनुसूची–१

## व्यवसाय दर्ताका लागि निवेदन

**श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,**
गैडहवा गाउँपालिका, रुपन्देही।

**विषयः व्यवसाय दर्ता गरिपाऊँ।**

महोदय,

म/हामीले गैडहवा गाउँपालिका वडा नं. ...... मा देहायबमोजिमको व्यवसाय सञ्चालन गर्न लागेको/सञ्चालन गरिरहेको हुँदा प्रचलित कानूनबमोजिम व्यवसाय दर्ता गरिदिनुहुन अनुरोध गर्दछु/गर्दछौं।

१. व्यवसायको नामः ........................................
२. व्यवसायीको नामः ........................................
३. व्यवसायको ठेगानाः ........................................
४. वडा नं.: ........................................
५. व्यवसायको प्रकृतिः ........................................
६. मुख्य कारोबारः ........................................
७. अनुमानित पूँजीः ........................................
८. PAN नं.: ........................................
९. सम्पर्क नं.: ........................................
१०. व्यवसाय सञ्चालन हुने घर/जग्गाको विवरणः
........................................
११. कर्मचारी संख्याः ........................................

**निवेदक**

नामः ........................................
ठेगानाः ........................................
दस्तखतः ........................................

सम्पर्क नं.: ........................................

मितिः ........................................

---

# अनुसूची–२

## स्थलगत अनुगमन फाराम

| **क्र.सं.** | **अनुगमनको विषय** | **अवस्था** | **कैफियत** |
|---|---|---|---|
| १ | व्यवसाय दर्ता | पूरा/नभएको | |
| २ | नवीकरण | भएको/नभएको | |
| ३ | PAN/VAT | भएको/नभएको | |
| ४ | व्यवसायको प्रकृति | मिलेको/नमिलेको | |
| ५ | अनुमति/इजाजत | पूरा/अपूर्ण | |
| ६ | सरसफाइ | राम्रो/सुधार आवश्यक | |
| ७ | उपभोक्ता हित | सन्तोषजनक/असन्तोषजनक | |
| ८ | मूल्य तथा गुणस्तर | ठीक/सुधार आवश्यक | |
| ९ | वातावरणीय अवस्था | ठीक/सुधार आवश्यक | |
| १० | अन्य | | |

## अनुगमन टोलीको निष्कर्ष

..............................................................................

**दिइएको निर्देशन**

..............................................................................

अनुगमन टोलीः

१. ...................................................

२. ...................................................

३. ...................................................

४. ...................................................

मितिः ...................................................

---

# अनुसूची–३

**व्यवसाय नवीकरण फाराम**

१. व्यवसायको नामः ...................................................

२. दर्ता नं.: ...................................................

३. व्यवसायीको नामः ...................................................

४. ठेगानाः ........................................
५. व्यवसायको प्रकृतिः ........................................
६. PAN नं.: ........................................
७. अघिल्लो नवीकरण मितिः ........................................
८. चालु आर्थिक वर्षः ........................................
९. बुझाएको राजस्वः ........................................

नवीकरण गर्ने कर्मचारीको नामः ........................................
दस्तखतः ........................................
मितिः ........................................

---

# अनुसूची–४

**व्यवसाय दर्ता प्रमाणपत्र**

**गैडहवा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**गैडहवा, रुपन्देही**

## व्यवसाय दर्ता प्रमाणपत्र

दर्ता नं.: .........................

यस प्रमाणपत्रद्वारा श्री/श्रीमती/फर्म ........................................ लाई गैडहवा गाउँपालिका वडा नं. ........ मा ........................................ प्रकृतिको व्यवसाय सञ्चालन गर्न प्रचलित कानून तथा गाउँपालिकाको कार्यविधि/आर्थिक ऐनको अधीनमा रही व्यवसाय दर्ता गरिएको प्रमाणित गरिन्छ।

**व्यवसायीः** ........................................

**ठेगानाः** ........................................

**PAN नं.:** ........................................

**दर्ता मितिः** ........................................

**नवीकरण गर्नुपर्ने मितिः** ........................................

**प्रमुख प्रशासकीय अधिकृत**

गैडहवा गाउँपालिका

---

# अनुसूची–५

## व्यवसाय बन्द/खारेजीको निवेदन

**विषयः व्यवसाय बन्द/दर्ता खारेजी गरिपाऊँ।**

म/हामी ........................................ नामको व्यवसाय अबदेखि सञ्चालन नगर्ने भएको हुँदा मेरो/हाम्रो नाममा रहेको व्यवसाय दर्ता खारेज/बन्द गरी अभिलेख अद्यावधिक गरिदिनुहुन अनुरोध गर्दछु/गर्दछौं।

व्यवसाय दर्ता नं.: ..........................

व्यवसाय बन्द भएको मितिः ..........................

कारणः .....................................................

निवेदकको नामः ..........................................

दस्तखतः .........................................

मितिः .........................................

---

# स्वीकृति तथा प्रमाणीकरण

यो कार्यविधि गैडहवा गाउँ कार्यपालिकाको मिति ......................... को बैठकको निर्णय नं. ......................... बाट स्वीकृत गरिएको हो।

प्रमाणीकरण मितिः २०८३/०६/०६

आज्ञाले,
रोमनाथ न्यौपाने
प्रमुख प्रशासकीय
अधिकृत

---

गैडहवा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, विष्णुपुरा, रुपन्देहीमा मुद्रित ।